# श्री सार्वजनिक नमुना माध्यमिक विद्यालय

(कृषि विज्ञान तथा विशेष शिक्षा)
मिथिला नगरपालिका-९, बेंगाडावर
धनुषा (नेपाल)
स्था. २०२१

मिथिला नगरपालिका
ढल्केवर, धनुषा
दर्ता नं.- ३४९६
मिति- ०७७।३।१२

प.सं. : २०७६/०७७
च.नं. : २२४

मिति : २०७७/०३/९

**बिषय :** *बडहरी बजारको डाक बढावढ सूचना प्रकाशित गरिएको बारे ।*

प्रस्तुत विषयमा श्री सार्वजनिक नमुना मा.वि. को स्वामित्वमा रहेको जि.धनुषा, (साविकको गा.वि.स. बेंगाडावर वडा नं. ६) मा रहेको बडहरी बजार आ.व. २०७७।०७८ को लागि डाक बढावढ मार्फत ठेक्का लगाउनुपर्ने भएकाले तपसिलमा उल्लेख गरिएको बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लगाउनुपर्ने भएकाले मिति २०७७ साल असार १२ गते शुत्रवारका दिन विहान ११ : ०० बजे विद्यालयको प्राङ्गणमा हुने डाक बढाबढ कार्यक्रममा सामेल हुनका लागि इच्छुक बडहरी बजार ठेकेदार तथा सर्वसाधरणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. ठेकेदारको अवधि २०७७ साउन १ गतेदेखि २०७८ असार मसान्त सम्म रहनेछ ।

२. बजार डाकको न्यूनतम मुल्य रु. १४,०५,०००। (अक्षरेपी रु. चौध लाख एक हजार मात्र) हुनेछ ।

३. डाक बढाबढमा भाग लिन चाहने व्यक्तिहरुले न्यूनतम मूल्यको १० % **रकम यस सार्वजनिक नमुना मा.वि.,**बेंगाडावरको कृषि विकास बैंक लिमिटेड, ढल्केवर, धनुषा चल्ती खाता नं. १००५३०११९५०५००११ म रकम जम्मा गरेको सक्कल भौचर डाक बढाबढको समयमा पेश गरी ठेक्का बढाबढमा भाग लिन पाउनेछन । साथै भौचरमा उल्लेख भएको रकम अपुग भएमा डाकको समयमा थप रकम जम्मा गर्नुपर्नेछ ।

४. ठेक्का लिने व्यक्तिले असार मसान्त भित्रमा पहिलो किस्ता विद्यालयको खातामा रकम जम्मा गरी भोग चलन पुर्जी लिनुपर्नेछ ।

५. ठेक्का रकम एकमुष्ठ दाखिला गरी चलान पुर्जी लिन चाहेमा ठेक्का रकमको १५% रकम छुट गरिनेछ र किस्तावन्दीमा भुक्तानी दिन चाहेमा प्रत्येक त्रैमासिक अगावै रकम दाखिला गरी चलान पुर्जी लिन चाहेमा ५% रकम छुट गरिनेछ ।

६. ठेक्का रकम वार्षिक वा त्रैमासिक (कुल रकमलाई चार भागमा विभाजन गरी तीन महिनामा बुझाउने चार किस्ता) रुपमा उल्लेखित समय अवधि सुरु हुनु भन्दा १५ दिन अगावै विद्यालयको खातामा जम्मा गरी विद्यालयबाट भोग चलन पुर्जी लिनुपर्नेछ । अन्यथा बजार ठेक्का रद्ध गरिनेछ ।

७. धरौटी वापतको रकम अन्तिम किस्तामा मिलान गरिनेछ ।

८. बजार व्यवस्थापन समितिले तय गरेको वट्टी रकमको दर भाउको सूची विद्यालयबाट उपलब्ध गराइनेछ ।

९. डाक साकार नभएका व्यक्तिहरुको धरौटी रकम डाक बढाबढको भोलपल्ट फिर्ता गरिनेछ ।

१०. थप जानकारीका लागि आवश्यकता भएमा विद्यालयमा आइ सम्पर्क राख्न सकिनेछ ।

११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहनेछ ।

१२. डाक बढाबढको समयमा सो बमोजिम चल अचल सम्पत्ति धरौटी राख्नुपर्ने ।

श्री ICT शाखा
सूचनापाटीमा अपलोड
गरिदिनु
०७७।३।१२

प्रधानाध्यापक

प्रधानाध्यापक
विश्वनाथ महतो
श्री सा.मा.वि. बेंगाडावर